**नेपाली / *NEPALI***

**विषय:** आगामी *Workday* संक्रमणको लागि तयारी गर्नुहोस् – समय र बिदा
**पठाइएको मिति:** 5/7/25
**लागि:**
**बाट:** serviceoperations@uwss.wisconsin.edu

---

*यस सन्देश सबै समय रिपोर्ट गर्ने वा बिदा योग्य Universities of Wisconsin का कर्मचारीहरूलाई पठाइएको छ।*

*Universities of Wisconsin* ले *Workday* संक्रमणको लागि तयारी गर्दा, हामी सबै कर्मचारीहरूलाई महत्त्वपूर्ण समय र बिदा गतिविधिहरू बारे सचेत गराउन चाहन्छौं। यस संक्रमणले तपाईंलाई कसरी असर गर्न सक्छ भनेर बुझ्नको लागि कृपया तलको जानकारी हेर्नुहोला।

*Timesheet* मा राख्ने

आफ्नो शिफ्ट शुरू र अन्त्य गर्ने समय राख्ने कर्मचारीहरूका लागि, जुन २८, २०२५ वा सोभन्दा पहिलेको प्रभावकारी मिति भएका सबै समयहरू जुन ३०, २०२५ सम्ममा पेश गरी अनुमोदन गरिसक्नु पर्नेछ। कर्मचारीहरूले जुन २९, २०२५ देखि जुलाई ५, २०२५ सम्म काम गरेको समयको लागि आफ्नो हालको *timesheet* प्रयोग गर्न जारी राख्नेछन्। हालको *timesheet* जुलाई ५, २०२५ मा राति ११:५९ बजे मात्र हेर्न सकिनेछ र त्यस क्षणबाट *Workday* मा समय राखिनेछ।

आफ्नो दैनिक कुल समय राख्ने कर्मचारीहरूको लागि, जुन २८, २०२५ वा सोभन्दा पहिलेको प्रभावकारी मिति भएका सबै *timesheet* हरू जुन ३०, २०२५ सम्ममा पेश गरी अनुमोदन गरिनुपर्छ। जुन २९, २०२५ वा सोभन्दा पछिको प्रभावकारी मिति भएका *timesheet* हरू *Workday* मा काम शुरू र अन्त्यका समयसहित राखिनुपर्दछ।

- *नोट: Workday मा exempt कर्मचारीहरूको लागि अब timesheet उपलब्ध हुनेछैन र समय रिपोर्ट गर्न आवश्यक पर्नेछैन।*

वेबसाईटमा कामको समय राख्ने घडी

कामको समय शुरू र अन्त्य गर्ने कर्मचारीहरूले जुलाई ५, २०२५ मा राति ११:५९ बजेसम्म हालको आफ्नो वेबसाईटको कामको समय राख्ने घडी प्रयोग गरिरहनेछन्।

बिदाको समय राख्ने

बिदा योग्य कर्मचारीहरूका लागि, जुन २८, २०२५ वा सोभन्दा अघिको मिति भएका सबै बिदाका समयहरू जुन ३०, २०२५ सम्ममा पेश गरी स्वीकृत गरिसक्नुपर्नेछ। जुन २९, २०२५ वा सोभन्दा पछिको मिति भएका समयहरू *Workday* मा राखिनुपर्नेछ।

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् वा थप सहयोग आवश्यक भएमा, कृपया हामीलाई serviceoperations@uwss.wisconsin.edu मा ईमेल पठाउनुहोला।

भवदीय,

*UW–Shared Services*

*UW–Shared Services* ले *Universities of Wisconsin* का कर्मचारीहरूलाई तलब, सुविधाहरू, व्यावसायिक सेवाहरू र खरिद सहित विभिन्न क्षेत्रहरूमा निश्चित केन्द्रीकृत समर्थन प्रदान गर्दछ। हाम्रो संस्थाको बारेमा थप जानकारीको लागि uwservice.wisconsin.edu वेबसाइट हेर्नुहोला।

*बढ्दो सुरक्षाको लागि, यो ईमेलमा थिच्न मिल्ने लिङ्कहरू छैनन्।*